**आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली**

मितिः १० मार्च २०२५

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु , प्रधानमन्त्री नरेन्द्र मोदी तथा पश्चिम बागलका राज्यपाल सिबी आनन्द बोस, मुख्य मन्त्री ममता व्यनार्जी लगायत विभिन्न नेताहरुले भारतले आईसीसी च्याम्पियन्स ट्रफी आफ्नु नाम गरेको बधाई दिनुभएको छ |

- पश्चिम बंगालका राज्यपाल डा. सी.वी. आनन्द बोसको नाममा अनलाइन ठगीको बढ्दो मामिलालाई ध्यानमा राख्दै राजभवनले कड़ा चेताउनी जारी गरेको छ।

- पश्चिम बंगालमा कानून-व्यवस्थाको स्थितिलाई लिएर केन्द्रिय मन्त्री तथा प्रदेश भाजपा अध्यक्ष डा. सुकान्त मजुमदारले एक्स ह्याण्डलमा पश्चिम बंगालमा बंगलादेश जस्तै अवस्था रहेको बताउनु भएको छ|

- राष्ट्रपति द्रौपदी मुर्मूले कलकत्ता उच्च न्यालयका न्यायधीश जस्टिस जोयमाला बागचीलाई सर्वोच्च न्यायलयको न्यायधीशको रुपमा नियुक्त गर्नुभएको छ।

**भारतीय क्रिकेट टीम - संदेश**

भारतले आईसीसी च्याम्पियन्स ट्रफी आफ्नु नाम गरेकोछ हिज दुबईमा खेलीएको रोमान्चक म्याचमा न्युजिल्याण्डलाई 4 विकेटले पराजित गर्दै भारत 3 पल्ट आईसीसी च्याम्पियन्स ट्रफी जित्ने  विश्वको पहिलो देश बनेको छ । कप्तान रोहित शर्मा प्लेयर अफ द म्याच घोषित भएका छन् भने न्युजिल्याण्डका रचिन रविन्द्रलाई प्लेयर अफ द सिरिज घोषित गरियो। राष्ट्रपति द्रौपदी मुर्मु , प्रधानमन्त्री नरेन्द्र मोदी तथा पश्चिम बागलका राज्यपाल सिबी आनन्द बोस, मुख्य मन्त्री ममता व्यनार्जी लगायत विभिन्न नेताहरुले भारतीय टिमलाई बधाई दिनुभएको छ | भारतले आईसीसी च्याम्पियन्स ट्रफी जितेको खुसिमा सिलगढीको बाघाजतिन पार्कमा हजारौं मानिसहरुले देशको तिरंगा झन्डा लिएर विजय उत्सव मनाए| यसरिनै दार्जीलिङ, कलेबुंग, मिरिक क्षेत्रमा पनि मानिसहरुले पटेका पड्काएर जितको खुसि मनाए|

****** ० ******

**सुकान्त मजुमदार**

पश्चिम बंगालमा कानून-व्यवस्थाको स्थितिलाई लिएर केन्द्रिय मन्त्री तथा प्रदेश भाजपा अध्यक्ष डा. सुकान्त मजुमदारले आज एक्स ह्याण्डलमा पोस्ट गर्नुभएको छ। पोस्टमा उहाँले, पश्चिम बंगालमा बंगलादेश जस्तै अवस्था छ जुन बंगलादेशमा व्याप्त अराजकताको प्रतिबिम्ब हो भनि बताउनु भएको छ।सुकान्त मजुमदारले आफ्नो पोस्टमा हिंसाको एउटा भीडियो शेयर गर्नुहुदै, ममता ब्यनर्जीका उग्र समर्थकहरूले मुर्शिदाबादको पटिकाबाड़ी बजारमा हिन्दूहरूको पसलमा आगो लगाइदिएको, पछिल्लो 48 घण्टाभित्रमा केही हिन्दू मन्दिरहरूलाई अपवित्र बनाइएको छ भनि बताउनु भएको छ। उहाँले यस परिस्थितिलाई बंगालकी गृहमन्त्री ममता ब्यनर्जीले यदि नियन्त्रण गर्न सक्दिनन् भने उहाँले केन्द्रिय बललाई तैनाथ गर्ने विषयमा सोच्नुपर्छ भनि बताउनु भएको छ।

****** ० ******

**राज्यपाल डा. सी.वी. आनन्द**

पश्चिम बंगालका राज्यपाल डा. सी.वी. आनन्द बोसको नाममा अनलाइन ठगीको बढ्दो मामिलालाई ध्यानमा राख्दै राजभवनले कड़ा चेताउनी जारी गरेको छ। ठगले सोशल मीडियामा नक्कली अकाउण्ट बनाएर मानिसहरूबाट धन ठगी गर्ने प्रयास गरिरहेको छ।राजभवनका प्रवक्ताले बताउनु भए अनुसार, यसप्रकारको धोका-धड़ीको मामिला लगातार रुपमा अघि आइरहेको छ। केही मानिसहरूले उजुरी दर्ता गराएका छन्, उनीहरूलाई राज्यपालको नाममा नक्कली अफर दिएर ठगी गर्ने प्रयास गरिएको छ। प्रवक्ताले, यदि कसैलाई यसप्रकारको ठगीको शिकार बनाउने प्रयास गर्छ भने  तत्काल पुलिसलाई सूचना दिने आग्रह गर्नु भएको

छ। रिपोर्ट्स अनुसार ठगले फोन कल अनि व्यक्तिगत सम्पर्कको माध्यमबाट मानिसहरूसित सम्पर्क गरिरहेको छ तथा राज्यपालसित सम्बन्धित नक्कली योजना एवं अवसरहरूको बहाना बनाएर धोकाधड़ी गरिरहेको छ। शुरूमा पुलिसलाई यसको जानकारी गराइएपछि यस्ता घटनाहरूमा कमी आएको थियो, तर हालैमा यी ठगहरू पुनः सक्रिय भएका छन्।

****** ० ******

**न्यायधीश जस्टिस जोयमाला बागची**

राष्ट्रपति द्रौपदी मुर्मूले कलकत्ता उच्च न्यालयका न्यायधीश जस्टिस जोयमाला बागचीलाई सर्वोच्च न्यायलयको न्यायधीशको रुपमा नियुक्त गर्नुभएको छ। अब सर्वोच्च न्यायलयमा न्यायधीशहरूको संख्या 33 पुगेको छ। सर्वोच्च न्यायलय कलेजियमले यस अघि 06 मार्चमा जस्टिस जोयमाला बागचीलाई सर्वोच्च न्यायलयको न्यायधीशको रूपमा नियुक्ति गर्ने सिफारिश गरेको थियो। जस्टिस जोयमाला बागची 26 मई 2031 मा चीफ जस्टिस बन्नुहुनेछ।

****** ० ******

**शुभेंदु अधिकारी**

पूर्व आईएएस अधिकारी दीपक कुमार घोषको निधनमा पश्चिम बंगाल विपक्ष दलका नेता शुभेंदु अधिकारीले शोक व्यक्त गर्नुभएको छ। शुभेंदु अधिकारीले आज एक्स हैंडलमा पोस्ट गर्नुहुदै पूर्व आईएएस अधिकारीबाट विधायक बनेका दीपक कुमार घोषलाई अंतिम श्रद्धांजलि अर्पित गर्नुहुदै उहाँको दिवंगत आत्माको चिर शांतिका लागी प्रार्थना गर्नुभएको बताउनुभयो। पूर्व आईएसएस तथा तृणमूल कांग्रेसका पूर्व 'विवादास्पद' विधायक दीपक घोषको शुक्रवार निधन भएको थियो ।

****** ० ******

**सेभ ड्राइभ सेभ लाइफ तकदाह**

सडक दुर्घटनालाई न्यूनीकरण गराउने तथा सर्वसाधारणलाई ट्राफिक नियमबारेमा जानकारी गराउने प्रमुख उदेश्यको साथमा रङली रङलीहट ट्राफिकको मुख्य आयोजनामा सेभ ड्राइभ सेभ लाइफ मूल नाराको साथमा सडक सुरक्षा सम्बन्धि एक दिने सचेतना कार्यक्रम तकदाहमा सप्पन्न गरियो। मुख्य रूपमा आरआर ट्राफिक अधिकारी पेम्बा लामाको मुख्य सक्रियतामा आयोजित शिविरमा तकदाह लगायत वरिपरिको विद्यार्थीहरुसगै सर्वसाधारणले सहभागिता जनाएका थिए कार्यक्रममा बड्दो सडक दुर्घटनामाथि चिन्ता ब्यक्त गर्दै यसलाई सर्वसाधारणको विवेकले न्यूनीकरण गरिन सकिने कार्यक्रममा प्रशासनीक अधिकारीहरु जनाए भने यस्ता कार्यक्रमहरु खण्डभरी नै सन्चालन गरिदै आएको ट्राफिक अधिकारी पेम्बा लामाले जनाएका छन्। यसका साथै यस कार्यक्रम सरकारको दिशानिर्देशमै गरिदै आएको उहाँले बताउनुभयो।

****** ० ******

**कल्याण देवान**

भारतिय जनता पार्टी दार्जिलिङ जिल्ला समिति सधैँ छुट्टै गोर्खाल्याण्ड राज्यको पक्षमा छ भनी भाजपाका नेता कल्याण देवानले बताउनु भएको छ। बीजेपी दार्जिलिङ जिल्ला कमिटी सदस्यहरूले आज आफ्नो वर्तमान समयमा चलिरहेको संगठनात्मक पार्टी गतिविधिको बारेमा बैठक गरे।जिल्ला पार्टी अध्यक्ष कल्याण देवानले मिडियालाई सम्बोधन गर्नुहुदै दार्जिलिङमा विद्यमान वर्तमान राजनीतिक मुद्दा दार्जिलिङ/सिक्किम एकीकरण र सम्भावित त्रिपक्षीय बैठक, ३० प्रतिशत चिया बगानको जग्गा व्यावसायिक उपयोगका लागि आवन्टन र चिया बगान क्षेत्र वरपरको ५ दशमलव पट्टा लगायतका समस्याका बारेमा विस्तृत रुपमा बोलेको बताउनुभयो ।

****** ० ******

**सिंगताम चियावारी**

तेस्रोपल्टको आगलागीमा बन्द सिंगताम चियावारीको ३ नम्बर सेक्सन जलेको छ। अपराह्न १२.३० मा भएको यस घटनामा लगभग १० हजार चियाको बोटसँगै भर्खरै पलाउन लागेको पहिलो पत्तीको मुनाहरु डडेर खरानी भएको जानकारी प्राप्त भएको छ। यसअघि भएको दुईवटा आगजनीको घटनामा परेर ब्रिटिशकालिन कोठीहरु जलेर खरानी बनेको थियो।

****** ० ******

**नेपाल विदेशमंत्री -भारत यात्रा**

नेपालकी विदेशमंत्री आरजु देउवा एक साता व्यापी यात्रामा आज भारत प्रस्थान गर्नुभएको छ। उहाँले पहिला धार्मिक यात्रामा झारखण्डको बैजनाथ धाम जानुहुनेछ। त्यहाँ उहाँले बाबा भोलेनाथको दर्शन र पूजन गर्नुहुनेछ। झारखण्डको देवघर स्थित बाबा बैजनाथको दर्शन पूजन पछि उहाँ नयाँ दिल्ली फर्किनुहुनेछ। नयाँ दिल्लीमा उहाँले स्वास्थ्य उपचार पनि

गराउनु हुनेछ। उहाँले भारत सरकारद्वारा आयोजितत हुने राईसीना वार्तामा सहभागिता जनाउनु हुनेछ। भारतको विदेश मंत्रालयको निमंत्रणामा उहाँले १७ मार्चको दिन सो वार्तामा आफ्नो संबोधन राख्नुहुनेछ। यस राइसीना वार्तामा छिमेकी देशहरू सहित कैंयन देशहरूको विदेशमंत्रीहरूले सहभागिता गर्नुहुनेछ तथा वार्तामा आफ्नो विचार साझा गर्नुहुनेछ। वार्ता सकिएपछि उहाँ स्वदेश फर्किनु हुनेछ।

****** ० ******

**खरसाङ महकुमा खेलकूद संघ**

खरसाङ महकुमा खेलकूद संघको आयोजनामा खरसाङमाटी ट्वेन्टी क्रिकेट टुर्नामेन्ट हुने भएको छ। खरसाङ महकुमा खेलकूद संघको 2025-26 को क्यालेण्डर वर्षको पहिलो खेलकूद कार्यक्रम केदारनाथ मेमोरियल क्रिकेट टुर्नामेन्ट आयोजना गरिने भएको छ। यस विषयमा खरसाङ महकुमा खेलकूद संघको सभा सम्पन्न भएको छ।

****** ० ******

**रंगबुल अन्तर्राष्ट्रीय नारी दिवस**

सोनादाको रंगबुल ग्राम पञ्चायतको आयोजनामा एक कार्यक्रमबीच समाजका विशिष्ट व्यक्तिहरूलाई सम्मान जनाइएको छ। उक्त कार्यक्रम रंगबुल ग्राम पञ्चायतको पञ्चायत प्रधान योजना सुब्बाको अध्यक्षतामा सम्पन्न भएको थियो| रंगबुल ग्राम पञ्चायतको आयोजनामा अन्तर्राष्ट्रीय नारी दिवस पालनसँगै समाजका विशिष्ट नारीहरूलाई सम्म्मनित गरिएको छ। यस क्रममा विशिष्ट नारी सम्मानको रुपमा सरस्वती छेत्रीलाई सम्मान जनाइएको छ। त्यसरी नै विङ्ग कमाण्डर डा पासाङ डोमा डुक्पा, यस क्षेत्रमा स्वनिर्भर दलहरुको उत्थानको लागि कार्य गर्दै 19 वर्षसम्म सीएसपीको रुपमा कार्यरत् उषा तामाङ, उत्तर बंगाल क्षेत्रीय ब्यांकको म्यानेजर रेश्मा प्रधान, रंगबुल उप स्वास्थ्य केन्द्रकी कम्युनिटी हेल्थ सुपरभाइजर पुष्पा शर्मा साथै नित्य समाज आलुङ्गे र सुनखरी समाज बंगलाडाँडाको सभापति सचिव आदिलाई रंगबुल ग्राम पञ्चायतको तर्फबाट सम्मान जनाइएको छ।यस कार्यक्रममा 107 वटा स्वनिर्भर दलका सदस्यगण, भिबीडीसी महिला सदस्यगण,एएनएम, आँगनवाडी, महिला बीएलओ, भीआरपी महिला सिभिक भोलेन्टियर, सम्पूर्ण पठशालाका महिला शिक्षिका आदिको उपस्थिति रहेको थियो। यस कार्यक्रममागीत, नृत्य, कविता वाचन लगायत विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरिएको थियो।

****** ० ******

**चुङथुङ:बाल सुरक्षा अभियान**

चुङथुङ:बाल सुरक्षा अभियान ट्रस्ट द्वारा ग्राम स्तर बाल संरक्षण समिति  सदस्यहरूका लागि केश व्यवस्थापन सम्बन्धी प्रसिक्षण १२ गोलाई पदम स्मृति भवन चुङ्गथुङ्ग ग्राम पंचायत, पुलबजार, दार्जिलिङमा आयोजन गरियो। उक्त प्रसिक्षण जिल्ला बाल संरक्षण इकाई (DCPU) का मास्टर ट्रेनर फुर्बा शेर्पा द्वारा सञ्चालन गरिएको थियो भने सहभागीहरूलाई बाल संरक्षण सम्बन्धी घटनाहरूको प्रतिवेदन तथा दुई श्रेणीका बालबालिका हेर्न र संरक्षण गर्न आवश्यक बालबालिका तथा कानूनी झमेलामा परेका बालबालिकाको बारेमा जानकारी दिइयो। बाल यौन अपराधबाट संरक्षण ऐन, किशोर न्याय ऐन, तथा बाल श्रम (निषेध तथा नियमन) ऐन जस्ता महत्वपूर्ण कानूनी प्रावधानहरूबारे प्रशिक्षण प्रदान गरियो।

****** ० ******